आज मिति २०७८ साल असोज ०८ गते माण्डवी गाउँपालिका  गाउँ कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथि छलफल तथा निर्णय गरियो ।

<u>प्रस्तावहरु</u>

१. लघुउद्यम विकास सहजकर्ताको विज्ञापन सम्बन्धमा ।
२. मेलमिलाप कार्य संचालन सम्बन्धमा ।
३. माण्डवी गाउँपालिकाको सहुलियत ब्याजदरमा ऋण अनुदान कार्यक्रम संचालन सम्बन्धमा ।
४. अंपागता भएका व्यक्तिहरुको संजाल गठन, पुनर्गठन र संचालन कार्यविधि २०७८ सम्बन्धमा
५. गणेश आ.वि. ढिकावनको वि.व्य.स. पुनर्गठन सम्बन्धमा ।
६. गा.पा. अनुदान शिक्षक थप सम्बन्धमा ।
७. विद्यालय संचालन सम्बन्धमा ।
८. विद्यालय स.का. कर्मचारी र विद्यालय सहयोगीको सेवा सूविधा सम्बन्धमा ।
९. आर्थिक सहायता सम्बन्धमा ।
१०. बहुउद्देश्यिय पोषण कार्यक्रम स्विकृत सम्बन्धमा ।
११. विविध

<u>निर्णयहरु</u>

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि १ जना लघुउद्यम विकास सहजकर्ता श्री विनोद अधिकारीले सेवा लाई निरन्तरता नदिइ कार्य छाडेकाले उक्त रिक्त पदमा  पुन १(एक) जना लघुउद्यम विकास सहजकर्ताको विज्ञापन प्रकाशन गरि पदपुर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाका ५ वटै वडाहरुमा मेलमिलाप केन्द्रहरु गठन गरि मेलमिलापकर्ताहरु समेत छनोट भइसकेका छन् । मेलमिलाप कर्ताहरु मार्फत विवादहरु  निरुपण गर्ने सम्बन्धमा " मेलमिलाप कार्यसंचालन कार्यविधि २०७८" पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.-३ प्रस्ताव नं.३ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्विकृत नीति तथा कार्यक्रम अन्तर्गत गाउँपालिकाका कृषक,बेरोजगार युवा,उद्यमीहरु,व्यवसायीहरुलाई बैक संग समन्वय गरि सहुलियत दरमा ऋण अनुदान कार्यक्रम संचालन कार्यविधि २०७८" पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा रहेका अपाङ्ग व्यक्तिहरुलाई प्रवद्धन गर्न,अपाङ्गता क्षेत्रमा विनियोजन भएको वजेट तथा कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिका

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

स्तरिय अपांगता संजाल गठन तथा पुनर्गठन गर्न आवश्यक भएकाले "अपाङ्गता भएको व्यक्तिहरुको संजाल गठन,पुनर्गठन र संचालन सम्बन्धि कार्यविधि,२०७८ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं. २ ढिकावनमा अवस्थित गणेश आ.वि. ढिकावन अन्तर्गतका करिव ३७ जना अभिभावकहरुको भेलाले विद्यालयमा शिक्षण सिकाई राम्रो संग नभएको,विद्यालयमा आर्थिक अनियमितता भएकाले र विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तर सुधारका लागि कुनै रचनात्मक कार्य नगरेकाले विद्यालय व्यवस्थापन भंग गर्ने र नयाँ व्यवस्थापन समिति गठन गर्न अनुरोध भइ आएकाले तथा गाउँपालिकाले गरेको पटक-पटकको अनुगमनमा समेत विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनको कार्य सन्तोष जनक नभएकाले हाल भएको विद्यालय व्यवस्थापन समिति भंग गरि गाउँपालिकाको प्रत्यक्ष उपस्थितिमा विद्यालय व्यवस्थापन समिति पुनर्गठन गर्ने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं.३ अवस्थित श्री ने.रा.आ.वि मार्सिवाङ र श्री भुवनेश्वरी आ.वि. जस्पुरमा शिक्षक अभाव भएको भनि लिखितम माग भइ आएकोमा दुवै विद्यालयमा १/१ जना शिक्षक गा.पा. दरवन्दि थप गर्ने सोको लागि विज्ञापनबाट पदपुर्ति गरिने र निजहरुको तलब सूविधा गाउँपालिका वित्तिय समानिकरण अनुदानबाट छुट्टाइएको रकमबाट गर्ने निर्णय गरियो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा माण्डवी गाउँपालिका अन्तर्गतका विद्यालयहरु कोभिड-१९ रोगका कारण आंशिक रुपमा संचालनमा रहेकाले कोभिड-१९ रोगको संक्रमण कम हुँदै गएकाले विद्यालयहरु विद्यार्थिको भौतिक उपस्थितिमा सुरक्षाका मापदण्डहरुको पुर्ण पालना गर्ने गरि विद्यालय नियमित रुपमा संचालन गर्ने तथा दशै र तिहारको विचमा समेत विद्यालयहरुलाई नियमित संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.८ प्रस्ताव नं.८ माथि छलफल गर्दा नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट अनुसार विद्यालयका वाल-विकास केन्द्रका स.का. विद्यालय सहायक,विद्यालय सहयोगी र सामुदायिक सिकाई केन्द्र परिचारिकाको सेवा सूविधा बढाउने निर्णय अनुसार माण्डवी गाउँपालिकाले तपशिल बमोजिमको तलब भत्ता भूक्तानी गर्ने निर्णय गरियो ।

**तपशिल**

**विद्यालय कर्मचारी र शिशु कक्षा शिक्षक तलब प्रस्ताव**

| क्र.स | विवरण | हाल खाईपाई आएको त.भ | नेपाल सरकारबाट हाल थप त.भ | ने.स. जम्मा | गा.पा. बाट थप रु. | जम्मा रु. | संख्या | महिना | जम्मा गा.पा. बाट थप रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिशु कक्षा र(६००० | ६००० | २००० | ८००० | ७००० | १५००० | ३४ | १३ | ३०९४००० | |
| २ | विद्यालय सहायक | ११५०० | २००० | १३५०० | ४००० | १७५०० | ५ | १३ | २६०००० | |
| ३ | विद्यालय सहयोगी(१-३) | ४००० | २००० | ६००० | ७००० | १३००० | ३ | १३ | २७३००० | |
| ४ | विद्यालय सहयोगी(१-५) | ४५०० | २००० | ६५०० | ७००० | १३५०० | १३ | १३ | ११८३००० | |
| ५ | विद्यालय सहयोगी(८-१२) | ७५०० | २००० | ९५०० | ५५०० | १५००० | १० | १३ | ७१५००० | |
| ६ | सामुदायिक सिकाई केन्द्र परिचारिका | ६२०० | २००० | ८२०० | ७००० | १५२०० | २ | १३ | १८२००० | |
| | जम्मा | | | | | | | | ५७०७००० | |

निर्णय नं. ९.प्रस्ताव नं. ९ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा पेश हुन आएका विभिन्न निवेदन तथा आर्थिक सहायता र विपदका निवेदनको अध्ययन गर्दा तपशिलका संघ,संघठन तथा व्यक्तिहरुलाई उलल्खित दरमा आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

१.नेपाल राष्ट्रीय उद्योग व्यवस्थापन महासंघ प्यूठान- रु.१०,०००।-

२. जनपत्राकार संगठन,नेपाल रु.१०,०००।-

३.अखिल नेपाल राष्ट्रीय स्वतन्त्र विद्यार्थि युनियन (क्रान्तिकारी) जिल्ला समिति प्यूठान रु.१०,०००।-

४.कृष्ण बहादुर सुनारः- माण्डवी गाउँपालिका १ रु.१०,०००।- राहत उद्धार र पुनर्स्थापना शिर्षकबाट

५.नारायण बहादुर घर्ति मगरः- माण्डवी गाउँपालिका २ रु.१०,०००।- राहत उद्धार र पुनर्स्थापना शिर्षकबाट

निर्णय नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा नेपाल सरकार शर्सत अनुदानबाट प्राप्त कार्यक्रम अन्तर्गत " बहुक्षेत्रिय पोषण कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन निर्देशिका शर्तहरुको पुर्णपालना गर्ने गरि तपशिल बमोजिमको कार्यालयलाई स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.११(क) प्रस्ताव नं.११ माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर प्यूठानको आ.व. २०७८/०७९ को वार्षिक स्विकृत कार्यक्रम अनुसार "अध्यक्ष कप खेलकुद आयोजना" रहेको छ । उक्त कार्यक्रमबाट गाउँपालिकाका विभिन्न उमेर समुह वा गाउँपालिकाको पहिचान हुने गरि जिल्ला स्तरिय खेलकुद प्रतियोगिता संचालन गर्ने गरिन्छ । माण्डवी गाउँपालिकाले जिल्ला स्तरिय ब्याडमिन्टन प्रतियोगिता संचालन गर्ने र सोका लागि लागने

माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

खर्च मध्ये रु.५० हजारमात्र अध्यक्ष कप खेलकुद कार्यक्रमबाट खर्च गर्ने र अन्य खर्च रकमका लागि अन्य निकायहरु संग समन्वय गर्ने निर्णय गरियो ।

निर्णय नं.११(ख) प्रस्ताव नं.११ माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर प्यूठान अन्तर्गत वडा नं.३ मा रहेको सिंचाई कुलो भारि वर्षातका कारण भत्तिएकाले तत्कालै त्यसको मर्मत संम्भार गर्नका लागि रु. १५,०००।- दरिगौडा सिंचाई कुलो मर्मत गर्न राहत उद्धार तथा पुनःस्थापना शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.११(ग) प्रस्ताव नं.११ माथि छलफल गर्दा माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर प्यूठानको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण कार्यविधि २०७७ को दफा ३ को उपदफा १ अनुसार वातावरणिय अध्ययन आवश्यक पर्ने आयोजना तथा कार्यक्रमको पहिचान गरि सूचि तयार पार्नु पर्ने तथा सोहि दफाको उपदफा(४) अनुसार वातावरणिय अध्ययन आवश्यक पर्ने गाउँपालिका क्षेत्र भित्र " वालुवा प्रशोधन गर्ने उद्योग संचालनमा रहेकाले तपशिलको उद्योग सोहि कार्यविधिको अनुसूचि -१ मा उल्लेखित सिमा (थ्रेसहोल्ड) भित्र पर्ने प्रारम्भिक वातावरणिय परिक्षण गरि संचालन गर्ने गरि कार्य अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.११(घ) प्रस्ताव नं.११ माथि छलफल गर्दा 'घ' वर्गको निर्माण व्यवसायि इजाजतपत्र प्रदान गर्ने प्रयोजनका लागि कागजात तथा प्रकृयाका सम्बन्धमा जाँचबुझ गर्न गठित समतिको सिफारिसका आधारमा तपशिलका निर्माण व्यवसायिलाई 'घ' वर्गको इजाजतपत्र दिने निर्णय गरियो ।

तपशलि

क) रव न्स्ट्रक्सन प्रा.लि. :- माण्डवी गाउँपालिका ३ प्यूठान ।

शिशिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणित गर्ने
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

माण्डवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय जस्पुर ,प्युठान

बहुक्षेत्रीय पोषण कार्यक्रम,

बार्षिक योजना आ. ब. २०७८/०७९

*(गाउँपालिकास्तरीय पोषण तथा खाध्य सुरक्षा निर्देशक समिति मार्फत प्रमाणित )*

बजेट श्रोत: नेपाल सरकार ससर्त अनुदान (पोषण बिशेष: ३,०००००, पोषण संबेदनशील: १४,७०,००० पोषण सुधार ६,२५,००० र विद्यालय खाने पानि तथा सरसफाई ८,००००० गरि जम्मा रकम रु. ३१,९५,०००.००)

| क.स. | विषयगत क्षेत्र | क्रियापलापहरू | इकाई | प्रति इकाई मूल्य | जम्मा रकम | श्रोत (नेपाल सरकार) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | गाउपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक | ३ बैठक | २०,००० | ६०,००० | ६०,००० | |
| १.१ | | वडास्तरीय पोषण तथा खाद्य सुरक्षानिर्देशक समितिको बैठक ( सबै वडामा २/२ पटक) | ५ वडामा | १०००० | १००००० | १००००० | |
| १.२ | | नेपाल सरकार बाट वितरण भएको बाल पोषण भत्ता लाई बाल्यकालीन शिशुआहार संग आबद्ध गराउने १ दिवसिय अभिमुखिकरण कार्यक्रम | ५ वडामा | १०००० | ५०००० | ५०००० | |
| १.३ | | पोषण स्वयंसेवकको मासिक निर्वाह भत्ता, संचार र पोशाक | १३ महिना | | २,७६०००। | २,७६,०००। | |
| १.४ | | पोषण कर्नर स्थापना तथा सुधार कार्यक्रम | ६ अ.भि. | ३००० | १८००० | १८००० | |
| | | जम्मा | | | ५०४०००। | ५०४०००। | |

| क्र.स. | विषयगत क्षेत्र | क्रियाकलापहरू | इकाई | प्रति इकाई मूल्य | जम्मा रकम | श्रोत (नेपाल सरकार) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २ | महिला तथा बालबालिका | पोषण ुधारको लागि विपन्न समुदायका महिला सहकारी समुह मार्फत् आय आर्जमा सुधार कार्यक्रमा अनुदान | २५ जना | २५००० | ६२५००० | ६२५००० | |
| २.२ | | सुनौला हजार दिनका आमा तथा उनका परिवारका सदस्यहरुलाई महिनावारी सम्बन्धि कुरिति, घरेलु हिंसा तथा पोषणको महत्व सम्वन्धि अभिमूखिकरण कार्यक्रम | १५५ जना (५ वडाका) | २०,००० | १००,०००.०० | १००,०००.०० | |
| | | जम्मा | | | ७२५०००। | ७२५०००। | |
| ३ | स्वास्थ्य | पोषण सामाग्री ढुवानी | | | ४०,०००.०० | ४०,०००.०० | |
| ३.१ | | OTC को स्थापना वा सुढ्ढीकरण वा पोषण स्थिति लेखाजोखा | | | १,००,०००.०० | १,००,०००.०० | |
| ३.२ | | पालिकामा रहेका OTC हरु संचालनको लागि स्वास्थ्यकर्मीहरु र महिला स्वास्थ्य स्वयंसेविकाका लागि संचार यातायात तथा उत्प्रेरणा खर्च | | | ३०,०००.०० | ३०,०००.०० | |
| ३.३ | | पोषण मैत्रि स्वास्थ्य संस्था बनाउने | | | १०००००.०० | १०००००.०० | |
| ३.४ | | पोषण कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण | | | ३०,०००.०० | ३०,०००.०० | |
| ३.५ | | सुनौला हजार दिनका आमाहरुलाई पोषिलो खाद्यवस्तु, लिटो, जाउलो प्रदर्शन सहित अभिमूखिकरण कार्यक्रम | ५ अ.भि. | ५,००० | २५,००० | २५,००० | |
| | | जम्मा | | | ३,२५,०००। | ३,२५,०००। | |
| ४ | शिक्षा | पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाई | विद्यालय १ | | ८००,०००.०० | ८००,०००.०० | |
| ४.१ | | विद्यालयका किशोर-किशोरीहरुलाई प्रजनन् स्वास्थ्य, जिवन उपयोगी सिप तथा पोषण सम्वन्धि अनुशिक्षण कार्यक्रम संचालन गर्ने | १० विद्यालय | १०००० | १०००००.०० | १०००००.०० | |
| | | जम्मा | | | ९०००००। | ९,०,०००। | |

| क्र.स. | विषयगत क्षेत्र | क्रियापलापहरू | इकाई | प्रति इकाई मूल्य | जम्मा रकम | श्रोत (नेपाल सरकार) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५ | खानेपानी तथा सरसफाई | गाउपालिका स्तरिय खानेपानी तथा स्वच्छता सम्मन्वय समितिका पदाधिकारीहरुलाई पोषण सम्बन्धी अभिमूखिकरण कार्यक्रम | १ अभिमूखिकरण | २५,००० | २५,००० | २५,००० | |
| ५.२ | | विद्यालयमा सवुन पानिले हातधुने क्रियाकलाप सम्बन्धि अभिमुखिकरण कार्यक्रम | ५ नि.मा.वि. | १५०००। | ७५,०००। | ७५,०००। | |
| | | जम्मा | | | १,०००००। | १,००,०००। | |
| ६ | कृषि विकास | विपन्न समुदायका सुनौलो हजार दिनका आमाहरुको समुहलाई तरकारी विउ वितरण ढुवानि समेत | ५ समुहका १५५ जना | | १,३०,०००। | १,३०,०००। | |
| ६.१ | | हजारी वितरण (१० लिटरको) | ५ समुहका १५५ जना | ६०० | ९६,१००, | ९३,१००, | |
| ६.२ | | सुनौलो हजार दिनका आमा समुहलाई स्प्रेयर टंकी वितरण (५ गोटा ) | ५ समुह | ३००० | १५,००० | १५००० | |
| ७ | पशुपंक्षी विकास | स्थानिय जातका कुखुराको चल्ला वितरण (१ जनालाई ५ हसे ५ वटा कुखुरा र पहिलो दान र ढुवानी सहित | ५ समुहका १५५ जना | २५८० | ३,९९,९००। | ३,९९,९००। | |
| | | कुल जम्मा | | | ३१,९५,०००। | ३१,९५,०००। | |